1086

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३०३/२०७२/०७३

निर्णय नं. ६५९

पवन कुमार वोगटी, संयोजक, RTI Network मसुरिया ..........................................१ पुनरावेदक

विरूद्ध

संयोजक, महायज्ञ मुल समारोह समितिको कार्यालय, मसुरिया, कैलाली ............................१ विपक्षी

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

पवन कुमार वोगटी, संयोजक, RTI Network मसुरियाले महायज्ञ मुल समारोह समितिको कार्यालय, मसुरिया, कैलाली समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा निवेदन गरेको । सो सम्वन्धमा आयोगको मिति २०७२।०५।२०, च.नं. १०५ को पत्र बमोजिम महायज्ञ मुल समारोह समितिको कार्यालय, मसुरिया, कैलालीलाई सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त महायज्ञ मुल समारोह समितिको कार्यालय, मसुरिया, कैलालीको मिति २०७२।०९।१८ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निजलाई प्रेषित गरी सकिएको छ भनी यस आयोगलाई जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।